मेचीनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

इटाभट्टा, झापा,
कोशी प्रदेश, नेपाल


प.स. ०८२/०८३

च.न. ९८८३

## तह वृद्धिको लागि निवेदन पेश गर्ने सम्बन्धी सुचना

प्रकाशित मितिः २०८२/०८/२६

प्रस्तुत विषयमा यस मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरूको सेवाका शर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ बमोजिम तह वृद्धि गर्न मेचीनगर नगरपालिकाको कर्मचारीहरुको बढुवा तथा तह मिलान सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिम यो सुचना प्रकाशन भएको मितिले ३० दिन भित्र योग्यता पुगेका कर्मचारीहरूले रितपुर्वक फारम भरि तपशिल वमोजिमको कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

<u>तपशिल</u>

क) निवेदन ( अनुसुची १ बमोजिम)

ख) शुरु नियुक्ति पत्र

ग) अन्तिम बढुवा/ तहवृद्धिको प्रमाण पत्र।

ग) समायोजन भएको पत्र वा संघीय लोकसेवाबाट सिफारिस र नियुक्ति पत्र ।

घ) सेवासंग सम्वन्धीत न्युनतम शैक्षिक योग्यताको प्रतिलिपि।

ङ) पछिल्लो (३ तिन) बर्षको कार्य सम्पादन मुल्यांकन फारम ।

च) सेवाकालीन तालिम लिएको भए सो संग सम्वन्धीत कागजातको प्रतिलिपि ।

त) गयलकट्टी नभएको, सेवा निरन्तर रहेको, विभागिय कारवाहीमा नपरेको, पेशा सम्वन्धी व्यवसायिक परिषदले उपलब्ध गराउने पदमा रहेको भए सो परिषदले गराउने प्रमाण पत्र सम्बन्धी कागजातहरू सम्भाव्य उम्मेदवार स्वयमले प्रमाणित गरेको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।

अग्नि प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत